# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)
# कोशी प्रदेश कार्यालय
इटहरी,सुनसरी

**सेवा करारमा प्राविधिक प्रशिक्षण लिने सम्बन्धी सूचना।**

**( प्रथम पटक प्रकाशित मिति २०८०/०७/१७)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ,कोशी प्रदेश अन्तर्गतका शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८१ आषाढ मसान्त सम्मका लागि प्राविधिक प्रशिक्षण कर्मचारी सेवा करारमा लिनुपर्ने भएको हुदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रतिलिपि र तोकिएको दस्तुर सहित परिषद् कार्यालय तथा कोशी प्रदेश कार्यालयको वेबसाईटमा रहेको विद्युतीय माध्यमबाट तोकिएका पदहरुमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण (पद, न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, प्रशिक्षण कार्य गर्नुपर्ने शिक्षण संस्था, तलब भत्ता तथा अन्य सुविधा,दरखास्त दस्तुर, विद्युतीय online आवेदन फाराम link आदि) परिषद् कार्यालय र कोशी प्रदेश कार्यालयको वेबसाईट www.ctevt.org.np , www.ctevtp1.org.np मा हेर्न सकिनेछ ।

आवेदन दिने अन्तिम मितिः २०८० /०८ /०२

उमेर हदः ४० बर्ष ननाघेको।

आवेदन दस्तुरः अधिकृत स्तर रु १००० , सहायक स्तर रु ५०० , आवेदकले ConnectIPS वा राष्ट्रिय वाणिज्य बैकमा जम्मा गरेको भौचर upload गर्ने ।

खाता विवरणः सि.टि.ई.भि.टि, कोशी प्रदेश कार्यालय (खाता नं : २५५०१००००१२७८००१) (CTEVT KOSHI PROVINCE OFFICE)

पाठ्यक्रमः परिषद्को सेवा प्रवेशको सम्बन्धित सेवा समुह उपसमुहको स्तर, श्रेणी र पदको पाठ्यक्रममा व्यवस्था भएको सेवासम्बन्धी दोश्रो पत्रबाट वस्तुगत बहुउत्तर परीक्षा प्रणाली हुनेछ । पाठ्यक्रम www.ctevt.org.np मा गई career भन्ने Option बाट हर्न सक्नुहुने छ।

परीक्षा किसिमः लिखित तथा अन्तर्वाता

परीक्षा मिति र केन्द्रः २०८०/०८/१० गते तोकिने छ र उक्त सुचना परिषद् तथा प्रदेश कार्यालयको website मा राखिने छ।

फारम भर्नको लागि link: **https://bitly.ws/Zdi9**

लिखित परीक्षामा सफल उमेरद्वारले Online आवेदन फारम भर्दा Upload गरिएका कागजातहरुको सक्कल प्रमाण पत्रहरु अन्तर्वाता दिन आउदा लिएर आउनु पर्ने छ। अन्तर्वाता पुर्व प्रमाण पत्र रुजु गर्दा कुनै कैफियत वा ढाँटेको पाइएमा त्यस्तो उम्मेदवारलाई आन्तर्वातामा समावेश गराईने छैन र निजको दरखास्त रद्ध गरिने छ । **वि.नं १-०८०/८१, ६-०८०/८१, १०-०८०/८१ मा सफल उम्मेदवार लाई योग्यता क्रमको आधारमा शिक्षालय छनोट गराईने छ।**

सेवा करार कर्मचारी मागको विवरण

| वि.न. | पद | श्रेणी | संख्या | काम गर्नु पर्ने शिक्षण संस्था |
|---|---|---|---|---|
| १-०८०/८१ | सहायक लेक्चरर (फिजिक्स) | अधिकृत स्तर तृतिय, प्रा | २ | १.माहुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला खोटाङ<br>२. श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |
| २-०८०/८१ | सहायक लेक्चरर (केमेष्ट्री) | अधिकृत स्तर तृतिय, प्रा | १ | १.माहुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला खोटाङ |
| ३-०८०/८१ | निर्माण प्रशिक्षक | अधिकृत स्तर तृतिय, प्रा | १ | १.माहुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला खोटाङ |
| ४-०८०/८१ | फर्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतिय, प्रा | २ | १.रत्नकुमार वान्तावा बहुप्राविधिक शिक्षालय, साखेजुङ, ईलाम |
| ५-०८०/८१ | गणित प्रशिक्षक | अधिकृत स्तर तृतिय, प्रा | १ | १.रत्नकुमार वान्तावा बहुप्राविधिक शिक्षालय, साखेजुङ, ईलाम |
| ६-०८०/८१ | कृषि प्रशिक्षक (बाली विज्ञान) | अधिकृत स्तर तृतिय, प्रा | ४ | १.रत्नकुमार वान्तावा बहुप्राविधिक शिक्षालय, साखेजुङ, ईलाम<br>२. श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |
| ७-०८०/८१ | कृषि प्रशिक्षक (पशुपलन) | अधिकृत स्तर तृतिय, प्रा | १ | १.रत्नकुमार वान्तावा बहुप्राविधिक शिक्षालय, साखेजुङ, ईलाम |
| ८-०८०/८१ | सहायक कृषि प्रशिक्षक(बाली विज्ञान) | सहायक स्तर प्रथम प्रा | १ | १.श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आम्बोटे, भोजपुर |
| ९-०८०/८१ | निर्माण सहायक प्रशिक्षक | सहायक स्तर प्रथम प्रा | १ | १.दमक बहुप्राविधिक शिक्षालय, दमक |
| १०-०८०/८१ | निर्माण/ मर्मत प्रशिक्षण सहायक | सहायक स्तर द्वितिय प्रा | २ | १.सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर<br>२. माहुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला खोटाङ |
| ११-०८०/८१ | कृषि प्रशिक्षण सहायक( पशुपालन) | सहायक स्तर द्वितिय प्रा | १ | १. सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर |

**शैक्षिक योग्यताः**

**सहायक लेक्चरर(फिजिक्स)** : मान्यता प्राप्त शिक्षण संस्थावाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण ।

**सहायक लेक्चरर (केमेष्ट्री):** मान्यता प्राप्त शिक्षण संस्थावाट रसायन शास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण ।

**निर्माण प्रशिक्षक:** मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**फार्मेसी प्रशिक्षक:** मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**गणित प्रशिक्षक:** मान्यता प्राप्त शिक्षण संस्थावाट मूल विषय गणित विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण ।

**कृषि प्रशिक्षक (बाली विज्ञान):** मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषय(बाली विज्ञान) लिई स्नातक तह वा सो सरह उत्तिर्ण ।

**कृषि प्रशिक्षक (पशुपलन):** मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि (पशु विज्ञान/पशुपालन) विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**सहायक कृषि प्रशिक्षक(बाली विज्ञान)** : मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि (बाली विज्ञान) विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा सीप परीक्षण तह ३ उत्तिर्ण ।

**निर्माण सहायक प्रशिक्षक प्रथम** : मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण वा सीप परीक्षण तह ३ उत्तिर्ण

**निर्माण प्रशिक्षण सहायक द्वितिय** : मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक एस.एल.सी. वा सो सरह उत्तिर्ण वा सीप परीक्षण तह २ उत्तिर्ण

**कृषि प्रशिक्षण सहायक( पशुपालन):** मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि (पशूपालन) विषयमा प्राविधिक एस.एल.सी. वा सो सरह उत्तिर्ण वा सीप परीक्षण तह २ उत्तिर्ण।

**अध्यक्ष**

**सेवा करार व्यक्ति छनौट उप-समिति**

**सम्पर्क नम्बरः ०२५५८६७४०, ९८५२०५५०१९( कार्यालय समय १०-४ भित्र मात्र)**

**नोटः आवेदन फाराम भर्ने म्याद भित्र आवेदन दस्तुर बुझाई कुनै प्राविधिक कारणले कागजपत्र Online Upload नभएमा मिति २०८०।०८।०५ गते कार्यालय समय भित्र सिटिईभिटि कोशी प्रदेश कार्यालयमा उम्मेदवार स्वयम उपस्थित भई फाराम बुझाउन सकिने छ।**